# आ.व. २०८०/०८१ का लागि तेह्रौं गाउँसभाबाट पारित नीति तथा कार्यक्रम

प्रस्तुत कर्ता :- अध्यक्ष श्री तप्त बहादुर पौडेल

२०८० आषाढ १० गते

यस राप्तीसोनारी गाउँपालिकाको १३औं गाउँसभामा उपस्थित गाउँपालिकाका उपाध्यक्ष ज्यू, गाउँसभाका सचिव (प्रमुख प्रशासकीय अधिकृत) ज्यू, वडा अध्यक्षज्यूहरु, कार्यगाउँपालिकाका सदस्यज्यूहरु, गाउँसभाका सम्पूर्ण सदस्य ज्यूहरु, संचारकर्मी तथा गाउँपालिकाका कर्मचारी मित्रहरु।

सर्वप्रथम,
राप्तीसोनारी गाउँ गाउँपालिकाको आ.ब. २०८०/०८१ को नीति, कार्यक्रम तथा बजेट पेश गर्ने यो गरिमामय १३ औं गाउँसभामा सर्वप्रथम म संघीय लोकतान्त्रीक गणतन्त्र नेपाल स्थापना लगायत नेपालका राजनैतिक परिवर्तनको प्रमुख आन्दोलनका विभिन्न काल खण्डमा आफ्नो अमूल्य जीवन उत्सर्ग गर्नुहुने सम्पूर्ण ज्ञात अज्ञात शहिदहरु प्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्न चाहन्छु। त्यसैगरी नेपालमा भएका राजनीतिक परिवर्तनका विभिन्न आन्दोलनमा घाईते हुनुभएका योद्धाहरुको शीघ्र स्वास्थ्य लाभको कामना गर्दछु । राजनैतिक आन्दोलनमा वेपत्ता हुनपुगेका र वेपत्ता पारिएका नागरिकहरुको खोजी तथा सार्वजनिक गर्न तदारुकता देखाउन संघीय तथा प्रदेश सरकारको ध्यानाकर्षण पनि गराउन चाहन्छु।
नेपालको संविधान २०७२ जारी भएपछि मुलुकमा संघीयता संस्थागत भएको छ। संविधानले परिकल्पना गरेका तीनै तह संघ, प्रदेश र स्थानीयतहका दोस्रो निर्वाचन सम्पन्न भएको एक वर्षको समय व्यतित भईसकेको छ। संविधानले परिकल्पना गरेका संरचनाहरु स्थापना र क्रियाशील हुदै गएका छन् । संविधानले व्यवस्था गरेका नागरिकका मौलिकहकहरु प्रचलन गराउनुपर्ने विषय सबै सरकारहरुका दायित्वका रुपमा रहेका छन्। राजनीतिक आन्दोलनले पूर्णता पाईसकेको अवस्थामा अब जनताको आर्थिक संवृद्धि हासिल गर्ने राष्ट्रिय अभियानमा हाम्रो ध्यान केन्द्रित गर्नुपर्ने अवस्थामा हामी आईपुगेका छौं।

अबको हाम्रो गन्तव्य गरिवी  निवारणका लागि आर्थिक संवृद्धि, सुशासन, सामाजिक समावेशीकरण, समावेशी विकास, सामाजिक न्याय सहितको आयको समान वितरण तर्फ हुनु जरुरी छ। यस्तो महत्वपूर्ण घडिमा हुन गईरहेको गाउँसभाको शुभारम्भ सत्रमा सबै महानुभावहरुमा आभार व्यक्त गर्न चाहन्छु।

भौगोलिक विविधताले भरीपूर्ण राप्ती सोनारी गाउँपालिकामा राप्ती सोनारी गाउँपालिका जनसंख्याको हिसाबले नेपालकै दोस्रो ठूलो गाउँपालिका हो।  विभिन्न जातजातिको मिश्रित वसोवास रहेको यस गाउँपालिकामा थारु जातिको बाहुल्यता रहेको छ। जाति अनुसार फरक फरक संस्कृति, भेषभुषा र परम्परागत सम्पदाहरु रहेका छन्। यी हाम्रा गाउँपालिकाका सम्पत्ति हुन् भन्ने मेरो वुझाई छ। यस्ता सम्पदाहरुको संरक्षण र सम्वर्द्धन गर्नु हामी निर्वाचित जनप्रतिनिधिहरुको परम कर्तव्य हो। नेपालको संविधानले नेपाली जनताको सार्वभौमिकतालाई संवैधानिक, कानुनी र व्यवहारिक रुपमा स्थापित गरिसकेको परिप्रेक्ष्यमा संविधान प्रदत्त हक अधिकारहरु तथा राज्य र स्थानीय सरकारबाट प्रदान गरिने सेवा सुविधाहरु सबै गाउँपालिका वासी समक्ष पुऱ्याउनु हाम्रो प्रमुख दायित्व हो। तथ्य, तर्क र कानुनका आधारमा गाउँपालिका वासीका

जायज कुराहरुको सम्वोधन गर्ने परिपाटीलाई निरन्तरता दिनुको साथै लोकप्रियताका लागि मात्र नभई जनताका लागि आवश्यकताका आधारमा कार्य गर्न सकेमा मात्र गाउँपालिका र जनप्रतिनिधीहरुको गरिमा उच्च हुनेमा दुई मत हुन सक्दैन भन्ने मेरो ठम्याई छ ।

वर्तमान युग सूचना प्रविधिको युग हो । सूचना प्रविधिको यथेष्ट उपयोगबाट आज कैंयौ मुलकका साथै हाम्रै देशका स्थानीय तहहरुले उल्लेख्य प्रगती हासिल गरिसकेका छन् । यस परिप्रेक्ष्यमा अबको हाम्रो विकास सूचना र तथ्यांकको विश्लेषण र अनुसन्धानमा आधारित रहेर हुनु पर्दछ । यसका लागि गाउँपालिकाको भूगोल, जनसंख्या, प्राकृतिक स्रोत साधन, संस्कृति, क्षमता र सम्भावनाहरुको तथ्यगत विवरण तयार गरी दुरुस्त राख्ने तर्फ हाम्रो ध्यान जानु पर्दछ । यसका लागि विकास र सेवा प्रवाहलाई सहजीकरण गर्ने गरि अर्पूण नीति र कानूनलाई पूर्णता दिने तथा आवश्यकता अनुसार नयाँ नीति र कानून निर्माणमा प्राथमिकता दिनु पर्दछ । गाउँपालिकाका संस्थागत संरचनालाई सक्षम र कार्यमूलक बनाउनका साथै संरचनाहरुको कार्य प्रकृती, प्रदान गर्नु पर्ने सेवा र अवस्थितिको सही विश्लेषण गर्न सक्नु पर्दछ । यसका लागि जनप्रतिनिधीहरुको क्षमता अभिवृद्धि गरी अन्य क्षेत्रमा योग्य, विशेषज्ञ र दक्ष् जनशक्ति विकास एवं परिचालन गर्न वृहत जनशक्ति योजना तर्जुमाको आवश्यकता मैले देखेको छु । गाउँपालिका भित्र उपलब्ध तर प्रयोग विहीन र कम प्रयोग भएका स्रोत र साधनलाई कुशलतापूर्वक परिचालन गर्नेतर्फ हाम्रो ध्यान केन्द्रित हुनु पर्दछ ।

राप्ती सोनारी गाउँपालिकाको आन्तरिक आय वृद्धिका संवाहक कृषि, उद्योग, पर्यटन, जलस्रोत, व्यापार व्यवसाय जस्ता क्षेत्रहरुको सही उपयोग नै हो । सार्वजनिक, नीजि र सहकारी क्षेत्रको समेत यस क्षेत्रमा लगानी केन्द्रित गराउनु हामी सबैको उतिकै दायित्व छ । यसका लागि सम्बन्धित पक्षलाई प्रेरित गर्न सक्नु पर्दछ । कृषि तथा पशुपालनको व्यवसायीकरण र बजारीकरणका लागि पकेट क्षेत्र घोषणा गरी सो क्षेत्रमा लगानी बढाउनु जरुरी छ ।

पर्यटन उद्योग मार्फत गाउँपालिकाको आम्दानी वृद्धि गर्नका लागि ऐतिहासिक महत्वका मठमन्दिर, भाषा र संस्कृतिको संरक्षण सम्वर्धन गर्नुका साथै शहरीकरणका लागि आवश्यक पूर्वाधारको क्रमश: निर्माण तथा व्यवस्थापनका गर्दै शिक्षा, स्वास्थ्य, खानेपानी, विद्युत, इन्टरनेट र वैंकिंग क्षेत्रमा गाउँपालिका वासीको सहज पहुँचमा महत्व दिनु आवश्यक सम्झेको छु ।

शिक्षा क्षेत्रको विकास नभै गाउँपालिका वासीको उत्थान हुन नसक्ने भएकाले गाउँपालिका भित्र रहेका विद्यालयहरुमा रिक्त शिक्षक दरवन्दी मिलान तथा पदपूर्ती गर्ने, विद्यार्थी संख्या अत्यन्त न्यून भएका विद्यालयहरु एक आपसमा समायोजन गर्दै जाने, विद्यालयको भौतिक संरचनामा सुधार गर्ने, सबै विद्यालयमा क्रमश: इन्टरनेटको सुविधा पुर्‍याउने कार्य विशेष प्राथमिकतामा छ । यस आ व मा टिनको छाना भएका विद्यालयमा वातावरण अनुकुल जिप्सन वा प्लाईको प्रयोग गरी शीतलता प्रदान गर्ने, खानेपानीको व्यवस्थापन तथा शौचालय निर्माण र मर्मत गर्ने नीति अवलम्बन गरिनेछ । बालबालिकाले विद्यालय छाड्ने कारणको अनुसन्धान गरी सुधार कार्यक्रम सञ्चालन गर्ने र बालमैत्री गाउँपालिकाको विकास गर्न अन्य साझेदार निकायसँग हातेमालो गरी शैक्षिक तथा बालबालिकाको क्षेत्रमा कार्यक्रम सञ्चालन गरिनु पर्दछ ।

छरिएर रहेका बस्ती, कृषि योग्य भूमिको अन्य प्रयोजनमा बढ्दो प्रयोग, अनियन्त्रित खण्डीकरण, कृषि उत्पादनमा ह्रास, खाद्य सुरक्षामा प्रतिकूल प्रभाव, वन क्षेत्रको अतिक्रमण र खुल्ला स्थानको अभाव जस्ता समस्या भूमि व्यवस्थापनमा रहेको छ। त्यसको समाधान र व्यवस्थित विकासका लागि बनाइएको भूउपयोग योजनालाई प्रभावकारी कार्यान्वयन गर्न सबैको सहयोग र सहकार्यको आवश्यकता रहेको छ। यसैमा आधारित रहेर मैले गाउँपालिकाको आगामी आ.व. २०८०/०८१ को नीति तथा कार्यक्रम तयार पारी गाउँ कार्यगाउँपालिकाको बैठकबाट पारित गराई आजको गरिमामय गाउँसभा समक्ष पेश गरेको छु।

**गाउँपालिकाको समग्र विकास र समृद्दिका लागि तपसीलका अवसरहरु रहेका छन्।**

१. कृषिका लागि उत्पादनशील उर्वर भूमिमा सतह तथा भूमिगत सिँचाईको भरपर्दो व्यवस्था गरी खाद्यान्न तथा नगदे बाली उत्पादनमा वृद्धिका साथै व्यवसायिक खेती गर्न सकिने।
२. पशुपालन, पंक्षीपालन, मौरीपालन व्यवसायबाट अर्थोपार्जन गर्न सकिने।
३. वेमौषमी खेती, अर्गानिक खेती तथा वगर खेतीका माध्यमबाट आय आर्जन वृद्दि गर्न सकिने।
४. गाउँपालिकामा उत्पादित वस्तुहरु पूर्व पश्चिम लोकमार्ग र हुलाकी लोकमार्ग हुँदै देशका विभिन्न भागहरुमा लैजान सकिने।
५. राष्ट्रिय गौरवको सिक्टा सिँचाई योजनाबाट लाभ लिई उत्पादन बढाउन सकिने।
६. बाँके राष्ट्रिय निकुञ्ज, वनस्पति उद्यान, विभिन्न ताल तलैया, सिक्टा सिँचाई बाँध, जंगल सफारी जस्ता अवलोकनीय स्थल र दृष्यबाट पर्यटन प्रवर्धन गर्न सकिने।
७. गाउँपालिकाका रमणीय क्षेत्रहरु, साँस्कृतिक विविधता र पहिचानको उपयोग गरी बहु–आयामिक पर्यटनको विकास गर्न सकिने।
८. गाउँपालिका क्षेत्रमा विद्यमान श्रोतहरु–जल, जंगल, जडिबुटी, नदीजन्य पदार्थ तथा खनिज जस्ता श्रोतहरुलाई विकास कार्यमा उपयोग गर्न सकिने।
९. परिश्रमी स्वभावका जनतालाई उत्पादनसँग जोडी आय आर्जन र रोजगारीका कार्यक्रम सञ्चालन गर्न सकिने।
१०. युवाशक्तिलाई मानवीय पूँजीको रुपमा विकास र परिचालन गरी आर्थिक रुपान्तरणका क्षेत्रमा सहभागी गराउने।
११. राज्यको पुनर्संरचना पश्चात स्थानीय तहमा उल्लेख्य जिम्मेवारी र बजेट प्रवाह भएको छ, यसलाई उत्साहका साथ सदुपयोग गरी आर्थिक समृद्धिमा थप टेवा पुऱ्याउने।
१२. शैक्षिक संस्थाहरुमा सबैको पहुँच सुनिश्चित रहेको। गुणस्तरीय शिक्षा मार्फत असल, दक्ष, क्षमतावान र सीपयुक्त नागरिक तयार गरी आर्थिक तथा सामाजिक क्षेत्रमा अधिकतम लाभ लिन सकिने।
१३. राप्ती सोनारी अस्पताल तथा अन्य स्वास्थ्य सेवा केन्द्रहरुबाट स्वास्थ्य सेवा प्रवाह गर्नुका साथै भेरी अस्पताल तथा नेपालगंज मेडिकल कलेजसंग साझेदारी गरी घुम्ती सेवा मार्फत स्वास्थ्य सेवालाई नागरिकको घर घरसम्म पुऱ्याउन सकिने।

१४. गाउँपालिका पूर्ण खोप सुनिश्चता तथा दीगोपनायुक्त घोषणा भएको।
१५. विभिन्न आमा समूह, महिला समूह, किसोरी समूह, सहकारी संस्था गठन र स्थापना भई महिला जागरण र विकासमा परिचालन भएको।
१६. न्यायिक समिति र मेलमिलाप केन्द्रबाट समाजमा सु–व्यवस्था कायम गर्न सहयोग भएको।
१७. शिक्षा क्षेत्रमा गाउँपालिकाको विशेष ध्यान केन्द्रित भएको।
१८. लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणबाट जनताहरु बढी उत्साहित भएको।
१९. आवधिक योजना, भू–उपयोग योजना तथा कृषि रणनीतिक गुरुयोजना निर्माण भई कार्यान्वयनमा रहेको।
२०. सुन्दर, समृद्ध र सुशासित गाउँपालिका निर्माणका लागि सामुहिक प्रतिबद्धता अघि बढेको।
२१. राष्ट्रिय प्रसारण लाइनबाट गाउँपालिकाको सबै वडा÷क्षेत्रमा विद्युत पहूँच भएको।
२२. ८० प्रतिशत भन्दा बढी भू–भाग बनवनस्पतिले ढाकिएको र गाउँपालिकाको बीच भागबाट अबिरल बग्ने राप्ती नदीको कारणले वातावरण संरक्षण र पर्यावरणीय सन्तुलनमा सकारात्मक अवस्था रहेको।
२३. प्राकृतिक सौन्दर्यता तथा जैविक विविधताको दृष्टिले सबल रहेको।
२४. खाली स्थान तथा रमणीय पार्क निर्माणका लागि सबै वडामा सार्वजनिक जग्गा उपलब्ध हुन सक्ने अवस्था विद्यमान रहेको।
२५. स्थानीय विपद् व्यवस्थापन समितिको गठन र विपद् व्यवस्थापनका लागि यथोचित रकम विनियोजन र प्रयोग भएको।
२६. गाउँपालिका खुला दिशामुक्त भई १००% कार्यान्वयनमा आएको।
२७. नेपालको संविधान तथा स्थानीय सरकार सञ्चालन ऐन अनुसार गाउँपालिकालाई प्राप्त अधिकार एवं दायित्वलाई व्यवस्थित गर्ने सन्दर्भमा आवश्यक कानूनहरु तर्जुमा गरी कार्यान्वयनमा आएको।
२८. निर्वाचित जनप्रतिनिधिहरु जन आकांक्षा अनुरुप कार्य गर्न आत्मविश्वासका साथ उत्साहित रहेका।
२९. विद्युतीय शासन पद्धति अन्तरगत सूचना र प्रविधिको प्रयोग हुँदै गएको।
३०. विकास निर्माणमा जन सहभागितालाई प्राथमिकतामा दिइएको।
३१. गाउँपालिकाको संस्थागत विकास गरी सेवा प्रवाहलाई चुस्त, दुरुस्त, सहज र प्रभावकारी बनाई सुशासनको प्रत्याभूति दिइएको।

उपरोक्त अवसरहरुलाई परिणाममा बदल्न तपसीलका चुनौतीहरु पनि संगै रहेका छन्।

**चुनौतीहरुः**

१. आवश्यक साधन श्रोतको अभावमा बढ्दो जन आवश्यकता परिपूर्ति गर्ने।
२. अव्यवस्थित जग्गा विकास र आन्तरिक बसाइसराई जस्ता गतिविधिले कृषि उत्पादनमा आइरहेको ह्रासलाई व्यवस्थित गर्ने।
३. अतिक्रमणको चपेटामा परेको सार्वजनिक जग्गाको नियन्त्रण र संरक्षण गर्ने।

४. कृषिलाई आधुनिकीकरण र व्यवसायीकरण गर्ने पक्षलाई साकार पार्न परम्परागत कृषि प्रणाली र अप्रयाप्त सिँचाई जस्ता विषयहरुको व्यवस्थापन गर्ने ।
५. स्वरोजगार तथा आय आर्जनका कार्यक्रम सञ्चालन गरी गाउँपालिकामा रहेको विद्यमान बेरोजगारीलाई रोजगारीको अवसर सिर्जना गर्ने । श्रम पलायनलाई रोक्ने ।
६. गाउँपालिकाको विद्यामान श्रोतको पहिचान र परिचालन गर्ने ।
७. वन्यजन्तुबाट हुने मानवीय तथा कृषि बालीमा हुने क्षतिलाई न्युनीकरण गर्ने ।
८. शैक्षिक संस्थाहरुको पठनपाठनमा गुणस्तरीयता कायम गर्ने ।
९. स्वास्थ्य संस्थाहरुलाई well equipped, trained man power, timely medicine supply गर्ने ।
१०. सम्पूर्ण गाउँपालिकालाई घरेलु हिंसाबाट मुक्त गर्ने ।
११. बालमैत्री, अपाङ्गमैत्री संरचनाहरुको व्यवस्थापन गर्ने ।
१२. हिंसा पिडीत तथा वेवारिसेहरुको लागि पुर्नस्थापना केन्द्रको व्यवस्था गर्ने ।
१३. शिक्षा तथा स्वास्थ्य सेवालाई गुणस्तरीय र भरपर्दो बनाउने ।
१४. लैङ्गिक, जातीय र धार्मिक विभेदलाई बल पुऱ्याउने अन्धविश्वास, कु–संस्कार, कु–प्रथा एवं परम्पराबाट समाजलाई मुक्त गर्ने ।
१५. खानेपानी आपूर्ति तथा सरसफाई व्यवस्थापन भरपर्दो बनाउने ।
१६. सडक, नाली निर्माण र भवन निर्माण जस्ता पूर्वाधारहरुमा विद्यमान राष्ट्रिय मापदण्ड प्रणालीलाई अवलम्बन गर्ने ।
१७. बाढीका समयमा क्षतीग्रस्त घर तथा वस्तीलाई व्यवस्थित गर्ने ।
१८. सार्वजनिक तथा निजी सवारी साधनको पार्किङ्ग तथा उपयुक्त बसपार्कको व्यवस्थापन गर्ने ।
१९. टिन छाना भएका विद्यालय भवनहरुको छाना विस्थापन तथा Zeepson fitting गर्ने ।
२०. विभिन्न घर तथा बजारबाट निस्कने ठोस फोहरको दीर्घकालीन व्यवस्थापन गर्ने ।
२१. विकासका साझेदारहरुको सहयोग, समन्वय र राजनैतिक प्रतिवद्धता जस्ता विषयहरुलाई निरन्तरता दिने ।
२२. गाउँपालिकामा बाह्रै महिना चल्ने सडक सञ्जालको विकासबाट कृषि, उद्योग, पर्यटन र उर्जाको विकास गर्ने ।
२३. विद्युत सेवालाई सर्वसुलभ बनाउने ।
२४. राप्ती नदीबाट हुने कटान तथा डुबानलाई नियन्त्रण गरी धनजनको क्षति रोक्ने ।
२५. यातायातका साधन दिनानुदिन बढिरहेको अवस्थाले वातावरण प्रदुषण र मानव स्वास्थ्यमा पर्ने प्रतिकूल असर नियन्त्रण गर्ने ।
२६. प्लाष्टिकजन्य वस्तुको अत्यधिक प्रयोगबाट मानव स्वास्थ्य र कृषि योग्य भूमिमा पर्ने असरलाई नियन्त्रण गर्ने ।
२७. पशुपालन व्यवसाय घटदै गएको कारण कृषिमा अत्यधिक प्रयोग हुने विषादीलाई नियन्त्रण गर्ने ।

२८. वन क्षेत्रको अतिक्रमण, वन विनास तथा डढेलो नियन्त्रण गर्ने।

२९. वन्यजन्तु र मानव बीचको सम्बन्धलाई अनुकूल बनाउने।

३०. आधुनिक प्रविधियुक्त जनशक्तिको व्यवस्थापन गर्ने।

३१. गाउँपालिका केन्द्रलाई नीति निर्माण र वडा कार्यालयहरुलाई सेवा केन्द्रका रुपमा विकास गरी स्थानीय सरकार प्रति नागरिकको भरोसा जित्ने।

३२. परम्परामा आधारित अनुगमन तथा मूल्यांकन पद्धतिलाई नतिजामा आधारित बनाई कार्यान्वयनमा ल्याउने।

३३. गाउँपालिकालाई वित्तीय श्रोत साधनबाट आत्मनिर्भर बनाउने।

**आगामी आ.व. २०८०/८१ को नीति तथा कार्यक्रम निर्माण गर्दा गाउँपालिकाले निम्न विषयहरुलाई आधारको रुपमा लिएको व्यहोरा यहाँ प्रस्तुत गर्न चाहन्छुः**

क. नेपालको संविधान (राज्यका निर्देशक सिद्धान्त तथा नीतिहरु)

ख. स्थानीय सरकार संचालन ऐन, २०७४

ग. अन्तर–सरकारी वित्त व्यवस्थापन ऐन, २०७४

घ. संघ, प्रदेश र स्थानीय तह (समन्वय तथा अन्तरसम्बन्ध) २०७७

ङ. आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६

च. नेपाल सरकारको नीति तथा कार्यक्रम र वर्तमान वजेट

छ. प्रदेश सरकारको नीति तथा कार्यक्रम र वर्तमान बजेट

ज. स्थानीयतहको बजेट तर्जुमा दिग्दर्शन, २०७८

झ. गाउँपालिकाका ऐन, नियम, निर्देशिकाहरु, कार्यविधि र मापदण्ड

ञ. नेपाल सरकारको पन्धौं योजना

ट. दीगो विकास लक्ष्य २०१६–२०३०

ठ. राष्ट्रिय जनगणना, २०७८ को प्रतिवेदनहरु

ड. गाउँपालिको आवधिक योजना २०७९-८४

ढ. गाउँपालिकाको मध्यमकालीन खर्च संरचना

ण. गाउँपालिकाको भू उपयोग योजना, २०७९

त. गाउँपालिको कृषि रणनीतिक गुरुयोजना, २०८०

थ. राप्ती सोनारी गाउँपालिका कार्यपालिकाका सबै विषयगत समितिबाट प्राप्त सुझावहरु तथा निर्णयहरु,

द. गाउँ कार्यपालिका तथा गाउँसभाका निर्णयहरु

ध. नीति तथा कार्यक्रम र बजेट निर्माणका क्रममा आयोजना गरिएका छलफल कार्यक्रमका विषयहरु।

न. राप्ती सोनारी गाउँपालिकाले आवश्यक देखेका विभिन्न विषयहरु।

उपरोक्त आधारमा आगामी वर्षका योजना तथा बजेट कार्यक्रम छनौट गर्ने निम्न प्राथमिकता क्षेत्र तोकिएका छन् । साथै वडास्तरबाट योजना तर्जुमा गर्दा समेत देहाय अनुसारका प्राथमिकताका आधारमा तर्जुमा गर्न निर्देशन गरिएको थियो ।

क. आर्थिक विकास तथा गरिवी निवारणमा प्रत्यक्ष योगदान पुऱ्याउने योजना
ख. उत्पादनमूलक र छिटो प्रतिफल दिने योजना
ग. राजश्व परिचालन र आन्तरिक आयमा उल्लेख्य योगदान पुऱ्याउने योजना
घ. सेवाप्रवाह, संस्थागत क्षमता अभिवृद्धि र सुशासनमा योगदान पुऱ्याउने योजना
ङ. स्थानीय स्रोत साधनमा आधारित भई जनसहभागिताको अभिवृद्धि गर्ने योजना
च. लैङ्गिक समानता, सामाजिक समावेशीकरणको अभिवृद्धि गर्ने योजना
छ. दिगो विकास,वातावरण संरक्षण र विपद् व्यवस्थापनमा योगदान पुऱ्याउने योजना
ज. स्थान बिशेषको संस्कृति र पहिचान प्रवर्धन गर्ने योजना
झ. लक्षितवर्गका जिविकोपार्जनमा सघाउ पुऱ्याउने योजना

**अब म चालु आ. व. को हालसम्मका प्रमुख उपलब्धीहरुको सम्क्षिप्त विवरण प्रस्तुत गर्न चाहन्छुः**

**कृषि तथा पशुपंछी**

यस चालु आ. व. मा कृषि विकास तर्फ धान प्रवर्धन कार्यक्रम १, मकै पकेट क्षेत्र २ वटा, धान पकेट क्षेत्र १ वटा, तरकारी व्लक कार्यक्रम १ वटा, मकै व्लक १ वटा, च्याउ पकेट १ वटा र पुष्प प्रर्वधन कार्यक्रम १ वटा सञ्चालन गरिएको छ । त्यसै गरी धानको वीउ १०६०क्वीनटल, गहुँको वीउ ४४२ क्वीन्टल, फल फुल विरुवा १२ हजार, च्याउको वीउ ८ हजार प्याकेट र तरकारीको वीउ ६ हजार प्याकेट वितरण गरिएको छ । मेशीनरी औजार तर्फ बोरिङ्ग ४० वटा, पम्पसेट २५ वटा, मोटर २०७ वटा, पावर टेलर २२एचपी १५ वटा, मिनी टेलर ७ वटा, स्प्रे ट्यांकी ५० वटा र इ-रिक्सा १ वटा वितरण गरिएको छ ।

पशु स्वास्थ्य सेवा तर्फ शिविर सञ्चालन ३ वटा (लाभान्वित घरधुरी १२३), उन्नत जातको बोका वितरण १९ वटा, च्याफकटर २० वटा, नयाँ फर्म दर्ता/सूचीकृत ४१, कृतिम गर्भाधान ११६ वटा भएका छन् ।

**सहकारी वित्तीय संस्था तथा गै. स. स.**

यस आ. व. मा सहकारी शाखाको स्थापना भएको छ । सूचीकृत हुन आउने सहकारी संख्या ३७, वित्तीय संस्था १०, वीमा १, सामुदायिक वन २ रहेका छन् । रक्तदान कार्यक्रम १२० जनाले रक्तदान गर्नुका साथै सहकारी संजाल गठन भई समन्वय बैठक १ पटक बसीसकेको छ ।

**भूमि व्यवस्थापन**

यस गाउँपालिकामा १३०७५ जना भूमिहीन दलित, भूमिहीन सुकुम्बासी तथा अव्यवस्थित बसोवासीको लगत संकलन गर्नुका साथै वडा नम्बर ३ को ५५० घर परिवार ६९० कित्ताको नाप जाँच कार्य सम्पन्न भएको छ ।

**उद्यम विकास**

संघीय सरकारको उद्यमशीलता प्रवर्धन सम्बन्धी परियोजनाबाट नयाँ उद्यमी सृजना कार्यक्रमबाट ४७ जना, एडभान्स सिलाई कटाई १० जना, स्तरोन्नती कार्यक्रमबाट ५५ जना लाभान्वित (सिलाई कटाई २१ र कृषि तथा पशु सम्बन्धी तालिम ३४) भएका छन्।

**प्रधानमन्त्री रोजगार**

आ व २०८०/८१ का लागि २९६ जना वेरोजगार सूचीमा सूचीकृत भएका छन्। यस आ व मा ५ वटा आयोजना संचालनमा आएका छन्। रोजगार सेवा केन्द्रमा ३ जना जनशक्ति पदपूर्ति भएको छ।

**शिक्षा**

यस आ व मा १६ वटा कक्षा कोठा निर्माण, ICT Lab ३ वटा, पुस्तकालय ३ वटा, विज्ञान प्रयोगशाला २ वटा स्थापना भएका छन्। मुख्यमन्त्री शैक्षिक सुधार कार्यक्रम अन्तर्गत ११ वटा विद्यायलको मर्मत सम्भार, खानेपानी तथा फर्निचर व्यवस्थापन भएको छ। गाउँपालिकाको बजेटबाट ३३ विद्यालयको मर्मत सम्भार, खानेपानी तथा फर्निचर व्यवस्थापन भएको छ। बादी समुदायका ४० जना विद्यार्थीहरुलाई सम्पूर्ण खर्च व्यहोर्ने गरी छात्रवृत्ति उपलब्ध गराइएको छ। ४ वटा वालविकास केन्द्र ICT friendly बनाइएको छ। गाउँपालिका अनुदानमा २०६ जना शिक्षक कर्मचारी व्यवस्थापन गरिएको छ। विद्यालय समायोजन कार्य हाललाई ९ विद्यालयबाट शुरु गरिएको छ। स्थानीय पाठ्यक्रमको पाठ्य पुस्तक यस शैक्षिक सत्रबाट विद्यार्थीलाई उपलब्ध गराइएको छ। नमूना यूवा संसद अभ्यास कार्यक्रम सञ्चालन गरिएको छ।

**स्वास्थ्य**

यस आ व मा ओपिडी सेवा ३१५८६, ल्याव सेवा ४४२१, शिविर ९ वटा (जनरल ३ र पाठेघर ६), आँखा शिविर १० वटामा ३१० शल्यक्रिया सफल, सिकलसेल परीक्षण २१३९ जनाको भएको छ। उपचार आर्थिक सहयोग ९० जनालाई रु ५लाख ९३ हजार र दीर्घ रोगी ४१ जनालाई रु १२ लाख ६० हजार (संघ सरकार ६ महिना), ६९३ जना नयाँ आमालाई आमा सुरक्षा कार्यक्रम अन्तर्गत रु ६० लाख वितरण गरिएको छ। यस अवधिमा मातृ मृत्यु संख्या ३ रहेको छ। स्वास्थ्य चौकी तथा बर्थिङ्ग सेन्टर भवन निर्माण २ वटा, शौचालय निर्माण १ र मर्मत २ वटा रहेका छन्। राप्ती सोनारी अस्पताल भवन निर्माण कार्य अन्तिम चरणमा रहेको छ।

**महिला, बालबालिका जेष्ठ नागरिक तथा समाज कल्याण**

स्थानीय बालक्लवलाई जीवन उपयोगी सीप तथा आत्मरक्षा सम्बन्धी तालिम- ३३ जना लाभान्वित, अपाङ्ग परिचय पत्र वितरण १०९ जना, गाउँपालिका स्तरीय अपाङ्ग सञ्जाल गठन र गाउँपालिका स्तरीय द्वन्द पीडित सञ्जाल गठन भएको, अपाङ्गता भएका ९ जना व्यक्तिहरुलाई आधारभूत कम्प्यूटर तालिम सम्पन्न। महिला अधिकार बालबालिका अपाङ्गता भएका व्यक्ति द्वन्द पीडित जेष्ठ नागरिक सम्बन्धी विभिन्न दिवस कार्यक्रम सम्पन्न।

**पञ्जीकरण तथा सामाजिक सुरक्षा**

यस आ. व. मा व्यक्तिगत घटना दर्ता वा पंजीकरण संख्या ४७२० रहेको छ। तेस्रो चौमासिकसम्ममा सामाजिक सुरक्षा भत्ता वितरणबाट १४२७४ जना लाभान्वित हुनका साथै रकम रु १३ करोड २५ लाख वितरण गरिएको छ।

**पूर्वाधार विकासः सडक, सिंचाई, खानेपानी, भवन तथा तटबन्ध निर्माण**

यस आ व मा गाउँपालिका भित्र कालो पत्रे सडक २८४३ मिटर, ग्राभेल सडक ८३७५ मिटर, PCC सडक १६६७ मिटर र नयाँ ट्रयाक ४२६२ मिटर निर्माण भएको छ। यसै गरी ४५५ खानेपानी धारा वितरण, ५ वटा चिलिङ्ग मेशीन जडान र पाइप लाइन विस्तार १०५०० मिटर भएको छ। तटबन्ध निर्माण २८० मिटर, ३ स्थानमा कलभर्ट निर्माण, ५ वटा भुयर थान तथा मन्दिर निर्माण, ८ वटा प्रतिक्षालय र चौतारा निर्माण, पक्की नाली ४४४० मिटर पक्की पर्खाल ६५५ मिटर र ह्युप पाइप ९७ थान जडान भएको छ। घर नक्सा पास (नयाँ १ र पुरानो अभिलेखीकरण २० वटा) भएका छन्।

**सुरक्षित नागरिक आवास**

२०७१ सालका २०३ जना बाढी पिडीतहरुलाई प्रति व्यक्ति रु. १,१५,३३५।- (एक लाख पन्द्र हजार तिन सय पैतिस) का दरले राहत उपलब्ध गराइएको छ। खरको छानो परिवर्तन गरी टिनको छाना निर्माणका लागि १०३ लाई रु. ५०,०००। (पचास हजार) का दरले रकम उपलब्ध गराइएको छ। आगामी आ व का लागि ४५० जनाको प्रक्रिया बढेको छ।

**विपद् व्यवस्थापन**

NDRRMA र यस गाउँपालिकाको सहकार्यमा स्थानीय विपद् पोर्टल सञ्चालनमा रहेको छ। वार्ड २ र ७ मा विपद् पूर्व सूचना प्रणाली ३ स्थानमा जोडिएको छ। विपद् पूर्व कार्य तथा पूर्व तयारीका लागि ५ वटा अभ्यास कार्यक्रम सम्पन्न भएका छन्। १८९ जना विपद् पिडीतहरुलाई रु. ९,६८,४००।- (नौ लाख अरसट्ठी हजार चार सय मात्र) बरावरको राहत वितरण गरिएको छ। कारितास नेपाल र SDF बाँकेको सहयोगमा GIS सहितको Digital घरधुरी सर्वेक्षण कार्य जारी रहेको छ। स्थानीय विपद् पूर्व तयारी तथा प्रतिकार्य योजना निर्माण तथा अद्यावधिक भई कार्यान्वयनमा रहेको छ।

**उर्जा विकास**

यस आ. व. मा विद्युतीय तार लाइन ४८०० मि. विस्तार र पोल ४६ खरिद भएको छ। एक विद्यालय र सशस्त्र प्रहरीलाई सोलार प्यालन थान २ उपलब्ध गराईएको छ। सामुदायिक वनसंगको साझेदारीमा अति विपन्न २५० घरधुरीलाई विद्युतीय चुलो वितरण गरिएको छ।

**सुशासन, संस्थागत विकास तथा बैठक व्यवस्थापन**

तालिम तथा अभिमुखीकरण ३, जनशक्ति परिचालन २३६, श्रोत व्यवस्थापन र राजस्व परिचालन रु. ४,५३,४३,२०१।– (चार करोड त्रिपन्न लाख त्रिचालिस हजार दुई सय एक मात्र) , योजना अनुगमन ११३, कार्यगाउँपालिका तथा गाउँसभा बैठक संख्या १८+३, समिति बैठक संख्या १४, विविध बैठक संख्या १९, न्यायिक समितिका काम कारवाही (१७ बैठक, मुद्दा २५ मध्य फर्छयौट १४ चालु ९ जिल्ला अदालतमा २ पठाएको, मेलमिलाप केन्द्र गठन ८ वटा,

मेलमिलापकर्तालाई क्षमता अभिवृद्दि तालिम सम्पन्न), आन्तरिक लेखा परीक्षण तथा अन्तिम लेखा परीक्षण (वेरुजुः नियमित गर्नु पर्ने २५ करोड ८४ लाख १९ हजार, असुल गर्नु पर्ने ५ करोड ९५ लाख र पेश्की वेरुजु ३ करोड २८ लाख ५२ हजार), जिन्सी व्यवस्थापनमा PAMS लागु भएको।

## सूचना प्रविधिः

यस आ. व. बाट गुनासो एप सञ्चालनमा ल्याइएको छ। अगैया बजारमा नयाँ सिसि टि भि २ वटा जोडिएको छ। कार्यगाउँपालिका बैठकलाई प्रत्यक्ष प्रशारण गर्न शुरु गरिएको छ। कार्यलयमा नयाँ नेटवर्किङ्ग प्रणाली जडान गरिएको छ भने ई हाजिरीलाई अनिवार्य गरिएको छ।

**उपस्थित सभा सदस्यज्यूहरु अब म राप्ती सोनारी गाउँपालिकाले आ व २०८०/८१ लागि तय गरेका विषयगत क्षेत्रका नीतिहरु प्रस्तुत गर्न चाहन्छुः**

### आर्थिक विकास

१. यस आ. व. मा कृषि रणनीति गुरुयोजना बमोजिम कृषि विकास कार्यक्रम सञ्चालन गरिनेछ।

२. वार्ड नम्बर ४ मा रहेको शीत भण्डार निर्माण कार्यलाई सम्पन्न गर्नुका साथै खाद्य भण्डारण केन्द्र र अन्य स्थानमा शीत भण्डार निर्माणको सम्भाव्यता अध्ययन गरिनेछ।

३. जैबिक मल तथा विषादी उत्पादन सम्बन्धी कार्यक्रम सञ्चालन गरिनेछ।

४. जग्गाको खण्डीकरण र बाझो राख्ने प्रवृतिलाई निरुत्साहित गर्न आवश्यक नीति निर्माण र कार्यान्वयन गरिनेछ।

५. कृषक परिचयपत्र वितरण कार्यक्रम सञ्चालन गरिनेछ।

६. व्यवसायिक खेती गर्ने कृषक लक्षित अनुदान तथा प्राविधिक सहयोग कार्यक्रम अवलम्बन गरिनेछ।

७. कृषक वर्गीकरणको आधारमा कृषकलाई दिइने सेवा सुविधाको स्तर निर्धारण सम्बन्धी निर्देशिका निर्माण गरिनेछ।

८. ऐलानी जग्गामा खेती गर्ने कृषकहरुलाई कृषि सेवा सहुलियतको लागि उपयुक्त नीति निर्माण गरिनेछ।

९. खाद्य सुरक्षा सुनिश्चित गरी निर्यात उन्मुख कार्यक्रमको योजना तर्जुमा गरिनेछ।

१०. रैथाने धान बाली (रुद्री, गौरी, धनमनी) लाई संरक्षण तथा प्रर्वद्धन नीति अवलम्बन गरिनेछ।

११. कृषि क्षेत्रमा बृहत लगानी गर्ने निजी क्षेत्रमैत्री नीति निर्माण गरिनेछ।

१२. कृषि उपजको न्यूनतम मूल्य तोकी प्रचार प्रसार र कार्यान्वयन लागि नीति निर्माण गरिनेछ।

१३. सामूहिक सहकारी खेती सञ्चालन कार्यक्रमलाई प्रोत्साहन गरिनेछ।

१४. कृषक तालिम, कृषि प्रसार तथा क्षमता विकास कार्यक्रम सञ्चालन गरिनेछ।

१५. गाउँपालिकास्तरीय तरकारी तथा फलफुल संकलन र बिक्री केन्द्र (हाटबजार प्रवर्धन) कार्यक्रम शुरुवात गरिनेछ।

१६. कृषक भ्रमण कार्यक्रमलाई उन्पादनमुखी बनाइनेछ।

१७. डिजिटल स्वाएल म्यापिङ प्रणाली लागु गरी माटो सुधार कार्यक्रम सञ्चालन गरिनेछ।

१८. किट (मौरी, च्याउ) खेती सञ्चालन र प्रवर्धन कार्यक्रम सञ्चालन गरिनेछ।

१९. कृषि बीमालाई प्रभावकारी बनाउन बीमा कम्पनी र कृषकहरुसँग समन्वयात्मक सञ्जाल कार्यक्रम सञ्चालन गरिनेछ।

२०. वगरखेती तथा मसला बाली उत्पालन कार्यक्रमलाई प्रोत्साहन गरिनेछ।

२१. सामुदायिक वनसंगको सहकार्यमा जडीवुटी खेती कार्यक्रमलाई प्रवर्धन गरिनेछ।

२२. दुग्ध संकलन तथा प्रशोधन केन्द्र निर्माण कार्यमा सहकारी तथा दुग्ध कम्पनीसंग सहकार्य गरिनेछ।

२३. दुग्ध उत्पादन समूह गठन (वडा नं.९, ८, २, ७) र बाख्रा श्रोत केन्द्र स्थापना र सञ्चालन गरिनेछ।

२४.बाख्रा पालन पकेट क्षेत्रको विस्तार र प्रोत्साहन उन्मुख कार्यक्रम संचालन गरिनेछ।

२५. डालेघाँसको नर्सरी स्थापना कार्यलाई निरन्तरता दिइनेछ।

२६. उन्नत खोर, गोठ निर्माणका लागि पूर्वाधार निर्माणमा सहुलियत कार्यक्रम सञ्चालन गरिनेछ।

२७. पशुपालक कृषकहरुलाई तालिम तथा क्षमता अभिवृद्धि कार्यक्रम सञ्चालन गरिनेछ।

२८.पशु सेवा प्रवर्द्धन तथा नश्ल सुधार कार्यक्रम सञ्चालन गरिनेछ।

२९. स्थानीय कुखुरा तथा पंक्षीजन्य वस्तु प्रवर्द्धन कार्यक्रम सञ्चालन गरिनेछ।

३०. ठूला फर्म खोल्ने निजी क्षेत्रलाई प्रोत्साहन दिने कार्यक्रम ल्याइनेछ।

३१. मासुजन्य वस्तुमा आत्मनिर्भर उन्मुख कार्यक्रम सञ्चालन गरिनेछ।

३२. कृषि तथा पशुपालक किसानहरुको गाउँपालिकास्तरीय सञ्जाल गठन गरिनेछ।

३३.स्थानीय किसानहरुको अनुभव आदान प्रदान गर्ने अन्तरक्रिया गोष्ठी आयोजना गरिनेछ।

३४. उद्योग व्यवसायको सम्भाव्यता अध्ययन र अनुसन्धान गरिनेछ।

३५. वार्ड नं ४ मा औधोगिक ग्राम निर्माण कार्यलाई अगाडि बढाइनेछ।

३६. दुना टपरी उद्योग स्थापना गर्ने तर्फ कार्यक्रम लक्षित गरिनेछ।

३७. स्थानीय स्तरमा लगानी सम्मेलनको आयोजना गरिनेछ।

३८. वार्ड नं ९ मा रहको कोशेली घरलाई व्यवस्थित रूपमा सञ्चालन गरिनेछ।

३९. व्यवसाय प्रवर्द्धन तालिम कार्यक्रम सञ्चालन, औद्योगिक तथा व्यवसायिक सहुलियत कार्यक्रम सञ्चालन तथा करदाता शिक्षा शिविर सञ्चालन गरिनेछ।

४०. थारु समुदाय तथा दलित समुदायको परम्परागत सीप र क्षमता हस्तान्तरण सम्बन्धी तालिम सञ्चालन गरिनेछ ।

४१. वन तथा नदीजन्य पदार्थको उत्खनन् र उपयोगको लागि कार्यबिधि तर्जुमा गरिनेछ ।

४२. औषधीजन्य जडिबुटीको पहिचान तथा संरक्षणका लागि अध्ययन, तथ्यांक संकलन र अभिलेखांकन कार्यक्रम सञ्चालन गरिनेछ ।

४३. गैरकाष्ठ पैदावारबाट आकर्षक वस्तु उत्पादनका लागि प्रोत्साहन उन्मुख कार्यक्रम सञ्चालन गरिनेछ ।

४४. वन पैदावार तथा नदीजन्य पदार्थको वार्षिक तथ्यांक संकलन गरिनेछ ।

४५. उत्पादित वस्तुहरु तथा जडिबुटीहरुको प्रचार प्रसारमा सहजीकरण गरिनेछ ।

४६. गाईलेकमा ट्रयाकिङ पर्यटन मार्ग –ख ताल–भुवरभवानी मन्दिर–बिनौना कचनापुर पुल–ढकेरी राष्ट्रिय वनस्पति उद्यान–बाँके राष्ट्रिय निकुञ्जमा जंगल सफारीको ट्रयाक–अगैयाको सिक्टा बाँधमा डुङ्गा सञ्चालन र फिसिङ्ग - पर्यटकीय मार्गको पूर्वाधार निर्माण जस्ता कार्यलाई प्राथमिकता दिइनेछ ।

४७. पर्यटन प्रवर्धन सम्बन्धी योजना निर्माणलाई जोड दिइनेछ ।

४८. पर्यटन प्रवर्द्धनका लागि यातायात सञ्जाल निर्माण सम्भाव्यता अध्ययन गरिनेछ ।

४९. बागवानी निर्माण तथा वनस्पती उद्यान संरक्षण कार्यक्रम ।

५०. थारु संस्कृतिको संरक्षण र प्रवर्द्धनका लागि संग्रहालय स्थापना गर्न सम्भाव्यता अध्ययन गरिनेछ ।

५१. होटल, मोटेल, रेष्टुरेण्ट र रिसोर्ट जस्ता पूर्वाधार निर्माणमा निजी क्षेत्रलाई आकर्षित गर्ने तथा सीप विकास एवं क्षमता अभिवृद्दि तालिमको व्यवस्थापनमा सहजीकरण गरिनेछ ।

५२. वडा नं. २, ३, ४ र ५ मा एग्रो टुरिजममुखी पूर्वाधार निर्माणमा जोड दिइनेछ ।

५३. वडा नं.८ को नयाँ गाउँ तथा बालापुरमा सञ्चालित होमस्टे प्रवर्द्धनमा आवश्यक सहजीरण गरिनेछ ।

५४. पर्यटन सूचना केन्द्रको स्थापनाका लागि संघ र प्रदेश सरकारसंग समन्वय तथा सहकार्य गरिनेछ ।

५५.पर्यटकीय स्थलको प्रचार प्रसारका लागि डकुमेन्ट्री निर्माण तथा प्रसारण गरिनेछ ।

५६. एक सहकारी एक उत्पादन तथा एक घर एक सहकारी कार्यक्रम सञ्चालन गरिनेछ ।

५७. उत्पादनमा संलग्न सहकारीलाई प्रोत्साहन अनुदान कार्यक्रम सञ्चालन गरिनेछ ।

५८. सहकारी चेतना अभिवृद्धि, क्षमता विकास र वित्तीय सुशासन तालिम कार्यक्रम सञ्चालन गरिनेछ ।

५९. दुई वा दुई भन्दा बढी सहकारीहरुको संयुक्त लगानीबाट सञ्चालन गरिने नमूना उत्पादन कार्यक्रम (कृषि, पशुपंक्षी पालन, जडिबुटी, पर्यटन क्षेत्र) प्रोत्साहन गरिनेछ ।

६०. सामूहिक कृषि तथा पशुपालन सहकारी गठन र सञ्चालन गर्नेलाई प्रोत्साहन गरिनेछ ।

६१. उत्पादित सामाग्री र उपजहरुको ब्राण्डिङ, प्याकेजिङ, बजारीकरण र भण्डारण गर्ने पूर्वाधार निर्माणमा सहयोग गरिनेछ।

६२. सहकारी संस्थाको एकीकरण र क्षमता विकास कार्यक्रम सञ्चालन गरिनेछ।

६३. सहकारीलाई उत्पादनसँग आवद्धताका लागि सहजीकरण कार्यक्रम सञ्चालन गरिनेछ।

६४. सहकारीमा महिलाहरुको आबद्धता लक्षित सशक्तिकरण कार्यक्रम सञ्चालन गरिनेछ।

६५. गाउँपालिकास्तरीय सहकारी सञ्जाल निर्माणमा सहजीकरण गरिनेछ।

६६. एक वडा एक हाटबजार पूर्वाधार निर्माण तथा सञ्चालन कार्यक्रमलाई अगाडि बढाइनेछ।

६७. वाणिज्य तथा आपूर्ति क्षेत्रलाई अनुशासित र दीगो बनाउन आवश्यक नीति तथा कार्यविधि तर्जुमा गरिनेछ।

६८. कृषि उपज, जडिबुटी तथा स्थानीय श्रोत साधनबाट उत्पादित वस्तुहरुको प्रदर्शनीका लागि राप्ती सोनारी महोत्सव कार्यक्रम सञ्चालन गरिनेछ।

६९. सूचना, प्रविधि र विद्युतीय व्यापार मार्फत स्थानीय उत्पादनको प्रचार प्रसारमा सहजीकरण गरिनेछ।

७०. निर्यात प्रवर्द्धन र आयात प्रतिस्थापनको तथ्यांक अभिलेखीकरण कार्यलाई अगाडि बढाइनेछ।

७१. वस्तु उत्पादक कृषक तथा उद्योगीहरुलाई प्रत्यक्ष लाभ दिन विचौलिया निरुत्साहित गर्ने कार्यविधि निर्माण गरिनेछ।

७२. वैज्ञानिक नापतौल प्रणालीको प्रयोग तथा बजार अनुगमन कार्यक्रमलाई सघन रुपमा अगाडि बढाइनेछ।

७३. गाउँपालिकाको जनशक्ति योजना तर्जुमा गरिनेछ।

७४. महिला तथा युवाहरुका लागि उद्यमशीलता तालिम सञ्चालन गरिनेछ।

७५. कृषि, वन तथा पर्यटन प्रवर्धनमा आधारित उद्योग स्थापनामा सहयोग तथा सहजीकरण गरिनेछ।

७६. गरिब परिवार लक्षित आय आर्जन कार्यक्रम सञ्चालन गरिनेछ।

७७. बेरोजगार युवा तथा गरिब परिवारहरुको तथ्याङ्क अद्यावधिक कार्यक्रम सञ्चालन गरिनेछ।

७८. गरिब परिवारले उत्पादन गरेका बस्तुहरु बिक्री वितरण सहजीकरण गरिनेछ।

७९. लघु उद्यम समूह सञ्चालन र प्रोत्साहन कार्यक्रम सञ्चालन गरिनेछ।

८०. सामाजिक परिचालन मार्फत आय आर्जनका लागि बचत संकलन तथा परिचालन कार्यक्रम सञ्चालन गरिनेछ।

८१. अनुदान कार्यक्रमलाई प्रभावकारी बनाउन कानून तर्जुमा गरिनेछ।

**सामाजिक विकास**

१. ५ बर्षे गाउँ शिक्षा योजना निर्माण तथा कार्यान्वयन गरिनेछ।

२. विद्यालयमा टिनको छानो वातावरण अनुकुल बनाउन जिप्सन तथा प्लाइउडको प्रयोग गरिनेछ ।

३. संघ तथा प्रदेश सरकारको सहकार्यमा ICT Lab, Science Lab, कक्षा कोठा थपका कार्यक्रम सञ्चालन गरिनेछ ।

४. बालविकास केन्द्रहरुलाई शैक्षिक सामाग्रीहरुको व्यवस्थापन गरिनेछ ।

५. सबै विद्यालयमाहरुमा स्वच्छ खानेपानी तथा लैङ्गिकमैत्री शौचालयको व्यवस्थापन गरिनेछ ।

६. प्राविधिक धारको उच्च शिक्षाका लागि छात्रवृत्ति उपलब्ध गराउने नीति अवलम्बन गरिनेछ ।

७. सरकारी विद्यालयका विद्यार्थीहरुको एकै प्रकारको ड्रेसकोड लागु गरिनेछ ।

८. विद्यालय शिक्षालाई गुणस्तरीय र प्रभावकारी बनाउन गाउँपालिका (शिक्षा शाखा) र विद्यालय प्र.अ. बीच कार्य सम्पन्न करार गरिनेछ ।

९. विद्यालयमा कार्यरत शिक्षकहरुलाई मागमा आधारित आधारभुत तथा पुनर्ताजगी तालिम कार्यक्रम सञ्चालन गरिनेछ ।

१०. अथिति शिक्षण कार्यक्रमः कम्तिमा महिनाको एक पटक गाउँपालिकाका अध्यक्ष, उपाध्यक्ष, प्रमुख प्रशासकीय अधिकृत तथा गाउँपालिका भित्रका विभिन्न क्षेत्रका सफलतम व्यक्तिहरुलाई ज्ञान, सीप र अनुभव आदान प्रदान गर्ने कार्यक्रम सञ्चालन गरिनेछ ।

११. सुस्त मनस्थिति बहिरा तथा कमजोर शिकाइ भएका, ढिलो सिक्ने बालबालिकाको पहिचान गरिनेछ ।

१२. आधारभूत तहसम्म लागु गरिएको स्थानीय पाठ्यक्रमलाई संस्थागत विद्यालयमा समेत लागु गरिनेछ ।

१३. संस्थागत विद्यालयको भवन, फर्निचर, शौचालय, खानेपानी व्यवस्थापन, मासिक फी, छात्रवृत्ति, सामाजिक सुरक्षा कर र शिक्षक तलबका सन्दर्भमा नियमित अनुगमन तथा मूल्यांकन गरिनेछ ।

१४. स्थानीय शिक्षा नियमावली निर्माण तथा कार्यान्वयन गरिनेछ ।

१५. विद्यालय व्यवस्थापन समिति गठन तथा सञ्चालन सम्बन्धी कार्यविधि तर्जुमा गरिनेछ ।

१६. शिक्षक तथा व्यवस्थापन समितिका पदाधिकारीहरुको क्षमता विकास कार्यक्रम सञ्चालन गरिनेछ ।

१७. २ वटा विद्यालयहरुका खेल मैदानको स्तरोन्नती तथा मर्मत संभार गरिनेछ ।

१८. अंग्रेजी माध्यमबाट अध्ययन अध्यापन गराउने सम्बन्धी सम्भाव्यता अध्ययन तथा मूल्यांकन गरिनेछ ।

१९. गाउँपालिका भित्र रहेका गाउँघर क्लिनिक तथा खोप केन्द्रहरुको भौतिक संरचना विस्तार गरिनेछ ।

२०. गाउँपालिकाको वडा नं ४ मा निर्माणाधिन १५ शैयाको राप्ती सोनारी अस्पताल निर्माण कार्यलाई समयमा नै सम्पन्न गर्न आवश्यक समन्वय र सहकार्य गरिनेछ ।

२१.कचनापुर स्वास्थ्य चौकीको स्तरोन्नती तथा वार्ड नं ८ मा वर्थिङ्ग सेन्टरको स्थापना गर्नुका साथै गाउँपालिका केन्द्रमा औषधी भण्डारण केन्द्रको स्थापना (Cold Chain Room) को व्यवस्थापन गरिनेछ ।

२२.गाउँपालिका भित्र रहेको विद्यमान एम्बुलेन्स सेवालाई थप प्रभावकारी बनाइनेछ ।

२३.गाउँपालिका भित्रको स्वास्थ्य

२४.प्रोटोकल अनुसार ANC/PNC सेवा लिने आमाहरुलाई यातायात तथा पोषण भत्ताका लागि सहयोग कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

२५.विभिन्न प्रकारका महामारी तथा सरुवाजन्य रोग नियन्त्रणका लागि सचेतनामूलक कार्यक्रम सञ्चालन गरिनेछ ।

२६.स्वास्थ्य संस्थाहरुमा गुणस्तरीय, प्रविधिमैत्री प्रयोगशाला निर्माण तथा सञ्चालनमा जोड दिइनेछ ।

२७.२ स्थानमा सामुदायिक योग/आरोग्य केन्द्रको स्थापना तथा सञ्चालन गर्न सम्भाव्यता अध्ययनको प्रक्रिया अगाडि बढाइनेछ ।

२८.जेष्ठ नागरिक, असहाय, शारीरिक असक्त तथा दीर्घ रोगीको उपचारका लागि निशुल्क स्वास्थ्य शिविर सञ्चालन गरिनेछ ।

२९.दीर्घ रोगीका लागि निशुल्क औषधीको व्यवस्था मिलाइनेछ ।

३०.विपन्न नागरिक स्वास्थ्य वीमा कार्यविधि तर्जुमा तथा कार्यान्वयन गरिनेछ ।

३१.वीमित व्यक्तिहरुले भोगीरहेको प्रक्रियागत झंझटका लागि सम्बन्धित निकायहरुमा समन्वय र सहजीकरण गरिनेछ ।

३२.गम्भिर खालका रोगको उपचारको लागि विपन्न वर्गलाई आर्थिक सहयोग कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

३३.स्वास्थ्य क्षेत्रमा कार्यरत कर्मचारीहरुको क्षमता अभिवृद्धि कार्यक्रम सञ्चालन गरिनेछ ।

३४.जनस्वास्थ्य तथा पोषण सम्बन्धी जनचेतना कार्यक्रमलाई अभियानका रूपमा सञ्चालन गरिनेछ ।

३५.क्यान्सर लगायत असाध्य रोग विरुद्धको सचेतना कार्यक्रम र Screen Test सम्बन्धी कार्यक्रम सञ्चालन गरिनेछ ।

३६.महिला अधिकार तथा कानूनी साक्षरता र नेतृत्व विकास सम्बन्धी तालिम सञ्चालन गरिनेछ ।

३७.एकल महिलाका लागि स्वरोजगारमूलक कार्यक्रम सञ्चालन गरिनेछ ।

३८.विपन्न महिलाहरुका लागि उद्यमशीलता तथा स्वरोजगार सम्बन्धी तालिम सञ्चालन गरिनेछ ।

३९.युवा, महिला, आदिवासी जनजाति, दलित, उत्पीडित तथा सीमान्तकृत समुदायहरुका लागि सरकारी सेवा प्रवेश सम्वन्धी कक्षा सञ्चालन गरिनेछ ।

४०.७५ बर्ष माथीका जेष्ठ नागरिक केन्द्रित स्वास्थ्यकर्मी सहितको घरदैलो कार्यक्रम तथा जेष्ठ नागरिक सम्मान कार्यक्रम सञ्चालन गरिनेछ ।

४१.सुविधायुक्त जेष्ठ नागरिक मिलन केन्द्रको स्थापना र सञ्चालनमा जोड दिइनेछ ।

४२.सकारात्मक विभेद सहितको सामाजिक समाबेशीकरण सम्बन्धी स्थानीय नीति तर्जुमा तथा कार्यान्वयन गरिनेछ ।

४३.दलित सञ्जाल निर्माण तथा परिचालन गरिनेछ ।

४४.दलित समुदायको परम्परागत सीप तथा व्यवसायहरुमा नयाँ प्रविधि प्रयोग मार्फत संरक्षण तथा प्रवर्द्धन कार्यक्रम संचालन गरिनेछ ।

४५.सडक मानव शून्य अभियानमा मानव सेवा आश्रम तथा नीलसागर आश्रम जस्ता परोपकारी संस्थाहरुसंग सहकार्य गरिनेछ ।

४६.वडा तथा बिद्यालय तहमा बाल क्लबहरु तथा बाल सञ्जाल निर्माण, परिचालन तथा सुदृढीकरणमा जोड दिइनेछ ।

४७.बालमैत्री स्थानीय शासन प्रवर्द्धन तथा बालमैत्री गाउँपालिका घोषणा कार्यक्रम सञ्चालन गरिनेछ ।

४८.ग्रामीण युवा उद्यमशीलता तथा सीप बिकास तालिम कार्यक्रम गरिनेछ ।

४९.लागु औषध नियन्त्रण सचेतना कार्यक्रम संचालन गरिनेछ ।

५०.कृयाशील युवा क्लवहरुको संरक्षण तथा सुदृढीकरण कार्यक्रम संचालन गरिनेछ ।

५१.खेलकुद बिकासका लागि आवश्यक कानूनी, भौतिक तथा संस्थागत संरचना निर्माण गरिनेछ ।

५२.राष्ट्रपति रनिङ सिल्ड तथा अध्यक्ष कप प्रतियोगिता संचालन गरिनेछ ।

५३.यस गाउँपालिकालाई खेलकुद Hub का रुपमा विकास गरिनेछ ।

५४.राष्ट्रिय तथा अन्तर्राष्ट्रिय खेलकुदमा पदक प्राप्त गर्ने खेलाडीलाई पुरस्कार, प्रोत्साहन तथा सम्मान गरिनेछ ।

५५.बहुउद्देश्यीय कभर्ड हल सहितको खेलमैदान निर्माणको लागि DPR निर्माण गरिनेछ ।

५६.विभिन्न धार्मिक स्थल तथा मठ मन्दिरहरुको संरक्षण तथा सम्वर्धन गरिनेछ ।

५७.कला, भाषा, संस्कृति सम्वद्र्धन कार्यक्रम सञ्चालन गरिनेछ ।

५८.ऐतिहासिक, धार्मिक तथा साँस्कृतिक सम्पदाहरुको पहिचान, अभिलेखीकरण तथा प्रचार प्रसार गरिनेछ ।

५९.राप्ती सोनारी महोत्सवमा स्थानीय लोक संस्कृतिको संरक्षण तथा सम्वर्धनका समेटने कार्यक्रम तय गरिनेछ ।

६०.बहु–साँस्कृतिक संग्रहालयको स्थापना गरिनेछ ।

६१.विद्यालय तहमा लोक गीत तथा लोक नृत्य प्रतियोगिता कार्यक्रम संचालन गरिनेछ ।

६२.वडघरहरुको सञ्जाल निर्माणमा आवश्यक सहजीकरण गरिनेछ ।

६३.लैङ्गिक उत्तरदायी बजेट परीक्षण कार्यक्रमको शुरुवात गरिनेछ ।

६४.पुराना खानेपानी योजनाहरुको मर्मत सम्भार कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

६५.एक घर एक धारा कार्यक्रम संचालनका लागि नयाँ ओभरहेड टंकी निर्माण तथा पाइपलाइन बिस्तार गर्न संघीय तथा प्रदेश सरकारसंग समन्वय र सहकार्य गरिनेछ।

६६.प्रत्येक वडामा फोहरमैला संकलन केन्द्रको स्थापना गर्नुका साथै Landfill Side को सम्भाव्यता अध्ययन गरिनेछ।

६७.हाल प्रयोगमा रहेका कच्ची शौचालयहरुको स्तरोन्नती सम्बन्धी कार्यक्रम सञ्चालन गरिनेछ।

६८.एक घर एक टोकरी कार्यक्रम (बैजापुर चोक, अगैया बजार, कुसुम बजार, ढकेरी बजार र सम्शेरगंज बजार) सञ्चालन गरिनेछ।

६९.खानेपानी तथा सरसफाई सम्बन्धी जनचेतना कार्यक्रम सञ्चालन गरिनेछ।

७०.गाउँपालिकाको Wash Plan तयार गरिनेछ।

७१.फोहरमैलाको अन्तिम विसर्जनका लागि अध्ययन र विस्तृत परियोजना प्रतिवेदन तयारी गरिनेछ।

७२.पूर्ण सरसफाइयुक्त गाउँपालिका घोषणा गरिनेछ।

**पूर्वाधार विकास**

१. गाउँपालिका स्तरीय सडक तथा यातायात गरुयोजना अनुसार सडक नालीको निर्माण र मर्मत सम्भार गरिनेछ।

२. आ व ०८०/८१ मा कालो पत्रे २५०० मिटर, PCC २००० मिटर, ग्राभेल ७००० मिटर, नयाँ ट्रयाक ४००० मिटर गरिनेछ।

३. सिंघैया नाला पुल, गोरधुइ बनौरी खोला पुल, गेरुवा नाला पुललाई क्रमागत योजनाका रुपमा निर्माण गरिनेछ।

४. राप्ती नदी र मोरङ्गा खोलामा झोलुङ्गे पुल निर्माणमा संघ तथा प्रदेश सरकारसंग सहकार्य गरिनेछ।

५. नाली निर्माण ५००० मिटर, तटबन्ध निर्माण २०० मिटर, पक्की पर्खाल १००० मिटर, कलभर्ट निर्माण ४ थान, चिलिङ्ग मेशीन ३ स्थानमा जडान, खानेपानी पाइपलाइन विस्तार ४००० मिटर, घर नक्सा पास (नयाँ १०० तथा पुरानो अभिलेखीकरण २००) गरिनेछ।

६. वद्यालयहरुमा २० वटा कक्षा कोठा निर्माण गरिनेछ।

७. सरकारी तथा सामुदायिक भवनको अनिवार्य घर नक्सा पास गर्ने नीति अवलम्बन गरिनेछ।

८. राम्रो काम गर्ने ठेकेदारलाई प्रोत्साहन र समयमा काम नगर्ने ठेकेदारलाई दण्डको व्यवस्था गरिनेछ।

९. आयोजना सञ्चालन तथा व्यवस्थापन कार्यविधि तर्जुमा गरिनेछ।

१०.मर्मत सम्भार कोष सञ्चालन कार्यविधि तर्जुमा तथा कार्यान्वयन गरिनेछ।

११.टोल विकास संस्थाहरुको क्षमता अभिवृद्दि तालिम सञ्चालन गरिनेछ।

१२.टोल विकास संस्थाहरुबाट हुने कामलाई प्रक्रियागत सरलीकरणमा जोड दिइनेछ।

१३.पानी परीक्षण प्रयोगशाला र पूर्वाधार निर्माण चेकजाँच प्रयोगशालाको स्तरोन्नती गरिनेछ।

१४.विद्युत विस्तार/विद्युत पोल सुधारमा जोड दिइनेछ।

१५.मुख्य चोकमा सोलार लाईटको स्थापनाका लागि संघ तथा प्रदेश सरकारसंग सहकार्य गरिनेछ।

१६.विद्युत उपयोगको खपतको लागि सामुदायिक वनसंगको साझेदारीमा विद्युत चुल्हो अनुदान कार्यक्रम सञ्चालन गरिनेछ।

१७.गाउँपालिकाको प्रशासनिक भवन निर्माण कार्यलाई अगाडि बढाइनेछ।

१८.वडा नं.२, ८ र ९ लाई समेट्ने गरी वडा नं.२ को टिकुलीपुरमा तथा वडा नं.६ को खल्लाटपरीमा बहुउद्देश्यीय सामुदायिक भवन निर्माणका लागि सम्भाव्यता अध्ययन गरिनेछ।

१९.नमूना शहर विकास (वडा नं.४ को वडा कार्यालय बैजापुर चोक देखि सूर्यलालपुर चोक सम्म हुलाकी लोकमार्गको दाँया बाँया १.८ किलोमिटर) कार्यक्रम सञ्चालन गर्न प्रदेश तथा संघ सरकारसंग सहकार्य गरिनेछ।

२०.कुसुम, अगैया, शम्शेरगञ्ज, ढकेरीमा स्तरयुक्त शौचालय सहितको बस प्रतिक्षालय निर्माण कार्यको शुरुवात गरिनेछ।

२१.वडा नं.३ को उपयुक्त स्थानमा बस टर्मिनल निर्माण कार्यको सम्भाव्यता अध्ययन गरिनेछ।

२२.स्यालो ट्युबेल/बोरिङबाट सिँचाई गर्ने कार्यक्रमलाई निरन्तरता दिइनेछ।

२३.कूलो/नहरको मर्मत सम्भार तथा गेट वे निमार्ण कार्यलाई निरन्तरता दिइनेछ।

२४.वैकल्पिक सिँचाई प्रणालीको अध्ययन अनुसन्धान तथा डि.पि.आर. निर्माण कार्य अगाडि बढाइनेछ।

२५.बाढी नियन्त्रणको अध्ययन डि.पि.आर. निर्माण कार्य अगाडि बढाइनेछ।

**वन, वातावरण तथा विपद् व्यवस्थापन**

१. नदी कटान तथा भू–क्षय नियन्त्रणको लागि वृक्षारोपण कार्यक्रम (वायो इन्जिनियरिङ्ग) (वडा नं.१,२,४,५,६,७) संचालन गरिनेछ।

२. नर्सरी निर्माण कार्यक्रममा सब डिभिजन वन कार्यालयहरुसंग सहकार्य गरिनेछ।

३. वन विस्तार र संरक्षण सम्बन्धी कार्यविधि तर्जुमा गरिनेछ।

४. सामुदायिक वन उपभोक्ता समितिलाई सूचीकृत हुन आव्हान गरिनेछ र सूचीकृत सामुदायिक वन उपभोक्ता समितिहरुको क्षमता विकास कार्यक्रम सञ्चालन गरिनेछ।

५. विपद्जन्य घटनाबाट पीडित नागरिकलाई आवश्यक काठ उपलब्ध गराउन निश्चित काठ सामुदायिक वनको सहयोगमा भण्डार गर्ने व्यवस्था मिलाइनेछ।

६. डढेलो नियन्त्रण तथा जनचेतनामुखी कार्यक्रम सञ्चालन गरिनेछ।

७. निजी जग्गामा वृक्षारोपण गर्ने व्यक्ति तथा समूहलाई प्रोत्साहन कार्यक्रम ल्याइनेछ।

८. धार्मिक स्थल, विद्यालय, नाँगा डाँडाँ, खाली चउर र बुट्यान क्षेत्रमा वृक्षारोपण कार्यक्रमलाई अगाडि बढाइनेछ।

९. हरियाली प्रवर्द्धन तथा पार्क निर्माण कार्यक्रमलाई जोड दिइनेछ (सबै वडाहरुमा)।

१०. विषादी एवं रासायनिक पदार्थ प्रयोगमा न्यूनीकरण सम्बन्धी कार्यक्रम सञ्चालन गरिनेछ।

११. वातावरण संरक्षण नीति तथा कार्यविधि निर्माण गरिनेछ।

१२. प्रत्येक मोटर बाटोको छेउँमा वृक्षारोपण गरी हरियाली पथ निर्माण कार्यक्रम सञ्चालन गरिनेछ।

१३. डढेलो नियन्त्रणका लागि जनशक्ति तयार गरिनेछ।

१४. आगजनी र वायु प्रदुषणले वातावरणमा पार्ने प्रभाव रोक्न सचेतना कार्यक्रम सञ्चालन गरिनेछ।

१५. सार्वजनिक स्थान तथा नदी किनारामा वृक्षारोपण कार्यक्रम सञ्चालन गरिनेछ।

१६. फोहरमैला व्यवस्थापन सचेतना कार्यक्रम सञ्चालन गरिनेछ।

१७. साँस्कृतिक तथा धार्मिक केन्द्र, बजार केन्द्र तथा बस स्टेशन (बस बिसौनी, जीपपार्क) मा सार्वजनिक शौचालय निर्माणका लागि साझेदार संस्थासंग सहकार्य गरिनेछ।

१८. नेपाली सेना, नेपाल प्रहरी, सशस्त्र प्रहरी, उद्योग वाणिज्य संघ, नेपाल रेडक्रस सोसाइटी, सामुदायिक वन, नागरिक समाज लगायतको सहकार्यमा निरन्तर सरसफाई अभियान कार्यक्रम सञ्चालन गरिनेछ।

१९. वन उपभोक्ता समितिलाई जैविक विविधता संरक्षण र प्रवर्द्धन गर्न जनचेतना/अभिमुखीकरण कार्यक्रममा जोडिनेछ।

२०. जैविक विविधता संरक्षण र प्रवर्द्धनका लागि कानून, कार्यविधि निर्माण गरिनेछ।

२१. पर्या–पर्यटनको पूर्वाधार तयार गर्न पर्यटन योजना निर्माण गरिनेछ।

२२. अमुवा खोला झरनाको दृष्य देखिने पिकनिक स्थल निर्माण कार्यक्रम ल्याइनेछ (वडा नं.६)।

२३. संघ तथा प्रदेश सरकारको सहकार्यमा हात्तीसार पार्क निर्माण कार्यलाई अगाडि बढाइनेछ (वडा नं.९)।

२४. बैसा पार्कमा पिकनिक स्थल सेड र अन्य पूर्वाधार निर्माण कार्य गरिनेछ।

२५. जलवायु परिवर्तन र अनुकूलन सम्बन्धी सचेतना कार्यक्रम सञ्चालन गरिनेछ।

२६. वातावरणीय प्रभाव मूल्यांकन प्रतिवेदनको प्रभावकारी कार्यान्वयन गरिनेछ।

२७. जलवायु अनुकूलन पूर्वाधार निर्माण मापदण्ड/नीति तर्जुमा गरिनेछ।

२८. समग्र गाउँपालिकाको विपद् व्यवस्थापन योजनाको नियमित अद्यावधिक गरिनेछ।

२९. विपद् व्यवस्थापनका लागि वडागत प्रतिकार्य योजना निर्माण (९ वटै वडामा) गरिनेछ।

३०. विपद्को समयमा तत्काल आश्रयको लागि बहुउद्देश्यीय भवन निर्माणका लागि पहल गरिनेछ (वडा नं. २ र ६ मा)।

३१. खाद्य, कपडा र भाँडावर्तन बैंक स्थापना गर्न गै. स. स. तथा साझेदार संस्थाहरुसंग सहकार्य गरिनेछ।

३२. स्थानीय विपद् व्यवस्थापन समिति र वडा विपद् व्यवस्थापन समितिहरुको क्षमता विकास कार्यक्रम सञ्चालन गरिनेछ।

३३. आपत्कालीन अवस्थामा परिचालित हुन तालिमयुक्त जनशक्ति तयारी गरिनेछ।

३४. आपत्कालीन अवस्थामा शीघ्र सूचना तथा सञ्चार प्रणाली व्यवस्थापन कार्यक्रम सञ्चालन गरिनेछ।

३५. प्रत्येक वडामा विपद् व्यवस्थापनका लागि उपयुक्त बजेट विनियोजन (९ वटै वडाहरुमा) गरिनेछ।

३६. वन्यजन्तु नियन्त्रणका लागि तारजाली/घेरावार कार्यलाई निरन्तरता दिइनेछ (वडा नं.१, २, ४, ६, ८, ९)।

३७. सर्पदंश उपचार केन्द्र स्थापनाका लागि (वडा नं.६, सिधनवा) पहल गरिनेछ।

३८. उद्धार सामाग्री खरिद तथा व्यवस्थापन गरिनेछ।

३९. विद्यालयको पाठ्पुस्तकमा प्राकृतिक प्रकोप सचेतता सम्बन्धी विषय समावेश गरिनेछ।

४०. नदीजन्य पदार्थको अत्यधिक दोहन कार्यलाई निरुत्साहन गरिनेछ।

४१. नदीजन्य पदार्थ दोहन गर्ने क्रममा पक्राउ परेका सवारी साधनको विवरण गाउँपालिकाको Website मा राखिनेछ।

**सुशासन तथा संस्थागत विकास**

१. एकल अधिकार क्षेत्र अन्तरगतका विषयको बाँकी कानून, नीति तथा कार्यविधिहरु तर्जुमा गरिनेछ।
२. सेवा प्रवाह सम्बन्धमा चौमासिक रुपमा सार्वजनिक सुनुवाई कार्यक्रम सञ्चालन गरिनेछ।
३. सार्वजनिक सुनुवाई कार्यक्रमलाई वडा तह (वडा कार्यालय र स्वास्थ्य संस्था) सम्म लगिनेछ।
४. चौमासिक रुपमा प्रगति समीक्षा कार्यक्रम गरिनेछ।
५. गाउँपालिका तथा प्रत्येक वडाहरुमा नागरिक वडापत्रको व्यवस्था (गाउँपालिकामा डिजिटल बोर्ड) तथा अध्यावधिक गरिनेछ।
६. व्यक्तिगत घटनादर्ता सम्वन्धमा बस्ती स्तरमा छलफल तथा अन्तरक्रिया कार्यक्रम सञ्चालन गरिनेछ।
७. वडा तहमा एकीकृत घुम्ती सेवा सञ्चालन गरिनेछ।
८. सेवाग्राही सन्तुष्टि सर्वेक्षण कार्यक्रम संचालन गरी सार्वजनिकीकरण गरिनेछ।
९. गाउँपालिकाको साङ्गठनिक तथा व्यवस्थापन अध्ययन प्रतिवेदनको आधारमा जनशक्ति व्यवस्थापन गरिनेछ।

१०.गाउँपालिकाको क्षमता विकास योजनाका आधारमा कर्मचारी तथा जनप्रतिनिधि क्षमता विकास कार्यक्रम सञ्चालन गरिनेछ।

११.गाउँसभा तथा गाउँ कार्यपालिकाबाट गठन गरिएका बिभिन्न समितिहरुको कार्य विवरण सहितको कार्यविधि तर्जुमा तथा कार्यान्वयन गरिनेछ।

१२.कर्मचारीहरुको कार्यसम्पादन सम्झौताका लागि सूचकहरु निर्माण/परिमार्जन गरिनेछ।

१३.गाउँपालिका तथा वडा कार्यालयमा भौतिक उपकरण, इन्टरनेट सेवा लगायत फर्निचर तथा फर्निसिङको व्यवस्था गरिनेछ।

१४.आवधिक योजनाको मध्यावधिक समिक्षा तथा नयाँ योजना निर्माण गरिनेछ।

१५.सेवा प्रबाहमा प्रविधिको प्रयोगलाई बढाइनेछ ।

१६.बार्षिक योजना तथा बुलेटिन प्रकाशन गरिनेछ।

१७.प्रत्येक ३/३ महिनामा स्वतः प्रकाशन गरिनेछ।

१८.बार्षिक योजना तर्जुमा तथा सभाबाट स्वीकृत पश्चात कार्यान्वयन गरिनेछ।

१९.राजस्व सुधार कार्ययोजना निर्माण गरिनेछ।

२०.मध्यकालीन खर्च संरचना तर्जुमा (बार्षिक रुपमा) गरिनेछ।

२१.लेखा प्रणाली सुदृढीकरण कार्यक्रम सञ्चालन गरिनेछ।

२२.राजश्व प्रणाली सुदृढिकीकरण कार्यक्रम सञ्चालन गरिनेछ।

२३.आन्तरिक नियन्त्रण प्रणालीको विकास तथा सुदृढीकरण गरिनेछ।

२४.बेरुजु अभिलेखीकरण तथा फछ्र्यौट कार्यक्रमलाई सघन रुपमा अगाडि बढाइनेछ।

२५.बार्षिक खरिद योजना तथा खरिद गुरु योजना तयारी गरिनेछ।

२६.न्यायिक समितिका पदाधिकारी तथा कर्मचारीहरुको क्षमता अभिवृद्धि कार्यक्रम सञ्चालन गरिनेछ।

२७.स्थानीय स्तरमा कानूनी सचेतना कार्यक्रम सञ्चालन गरिनेछ।

२८.न्यायिक कामकाजलाई सहज बनाउन विद्युतीय प्रणाली Install गरिनेछ।

२९.सूचना प्रविधि सम्बन्धी कानून तर्जुमा गरिनेछ।

३०.विद्युतीय हाजिरी व्यवस्थापनलाई सबै वडा तथा स्वास्थ्य संस्थाहरुसम्म लगिनेछ।

३१.विद्युतीय शासन प्रवर्धन कार्यक्रममा जोड दिइनेछ।

३२.गुनासो मोबाइल एपलाई अद्यावधिक गर्नुका साथै सेवा प्रवाह मैत्री बनाइनेछ ।

३३.गाउँपालिका तथा वडा कार्यालय बीच नेटवर्किङ विस्तार गरिनेछ।

३४.प्रहरी चौकी भवन निर्माण तथा मर्मत कार्यलाई निरन्तरता दिइनेछ।

३५. प्रहरी तथा सुरक्षा प्रशासनलाई प्रविधियुक्त बनाउन आवश्यक सहयोग गरिनेछ।

३६. सामुदायिक प्रहरी कार्यक्रमका लागि नेपाल प्रहरीसंग सहकार्य गरिनेछ।

३७. लागु पदार्थ तथा दुर्व्यसन नियन्त्रण तथा सचेतना कार्यक्रम सञ्चालन गरिनेछ।

३८. अनुगमन तथा मूल्यांकन कार्यविधिमा उल्लेखित सूचकहरुका आधारमा अनुगमन तथा मूल्यांकन कार्यलाई नतिजामुखी बनाइनेछ।

३९. अनुगमन तथा मूल्यांकनमा खटिने पदाधिकारी तथा कर्मचारीहरुको क्षमता विकास कार्यक्रम सञ्चालन गरिनेछ।

४०. आर्थिक बर्षको सुरुमा बार्षिक कार्यक्रम कार्यान्वयन कार्ययोजना तयारी गरिनेछ।

४१. गाउँपालिकामा पूर्वाधार गुणस्तर प्रयोगशालाको स्थापना तथा संचालन गरिनेछ।

४२. आवश्यक जनशक्ति सहितको सूचना तथा अभिलेख केन्द्रको स्थापना तथा व्यवस्थापन गरिनेछ।

४३. गाउँपालिका र वडा स्तरको क्षेत्रगत तथ्याङ्क संकलन, प्रशोधन र विश्लेषण एवं प्रकाशन गरिनेछ।

४४. गाउँपालिकाको वेबसाइट अद्यावधिक गरी वार्षिक कार्यक्रम बुलेटिन, विविध प्रकाशन र सूचनाहरु सार्वजनिकीकरण गरिनेछ।

४५. तथ्याङ्क संकलन, भण्डारण तथा प्रशोधनको क्षेत्रमा काम गर्ने कर्मचारीहरुको क्षमता अभिवृद्धि कार्यक्रम सञ्चालन गरिनेछ।

४६. भौगोलिक सूचना प्रणालीको प्रयोग गरी स्थानगत तथ्यांक तथा नक्सा अद्यावधिक गरिनेछ।

४७. गाउँसभाबाट कार्यक्रम स्वीकृत गराई कार्यक्रम संचालन गर्ने गैससहरुलाई मात्र गाउँपालिका भित्र कार्यक्रम गर्ने अनुमति दिइनेछ।

४८. गैसस तथा सामुदायिक संस्था परिचालनका लागि आचार संहिता निर्माण गरिनेछ।

४९. अन्य संघ संस्थाहरुसँगको सहकार्यका लागि श्रोत व्यवस्थापन बारे अन्तरकृया कार्यक्रम सञ्चालन गरिनेछ।

५०. सामाजिक विकास मञ्च बाँके, कारितास नेपाल, रुम टु रिड, फियान नेपाल, इलम, जुलोजिकल सोसाइटी अफ लण्डन, युनेस्को बाँके, सी मेट, ग्रामीण स्वास्थ्य तथा शिक्षा विकास केन्द्र लगायत साझेदार संस्थाहरुसंग राप्ती सोनारीको विकास र सम्वृद्दिका लागि सहकार्य गरिनेछ।

५१. यस गाउँपालिकालाई कार्य क्षेत्र बनाइ विकास निर्माण तथा लक्षित वर्ग विकास कार्यक्रम सञ्चालन गर्ने संघीय तथा प्रदेश स्तरीय कार्यालयहरुले गाउँपालिकासंग अनियवार्य रुपमा समन्वय र सहकार्य गर्ने वातावरण श्रृजना गरिनेछ।

**गाउँपालिकाको आगामी आ व २०८०/८१ का नीतिहरुः**

१. **“राप्ती सोनारीको शानः कृषकलाई सम्मान”** कार्यक्रम मार्फत उत्कृष्ट किसानलाई उत्प्रेरित बनाइनेछ।

२. गाउँपालिकालाई नगरगाउँपालिकामा रुपान्तरण गर्न आवश्यक पूर्वाधार विकासका कार्यहरूमा जोड दिइनेछ ।
३. गाउँपालिकाको समग्र सार्वजनिक सेवा प्रवाहमा सुशासनको प्रत्याभुती आम नागरिकलाई गराउन विद्युतीय शासनमा जोड दिइनेछ। साथै सुचना प्रविधिमा आम सर्वसाधारणको पहुँचलाई सुनिश्चित गर्न विशेष जोड दिइनेछ।
४. गाउँपालिकाको ५ वर्षे विकासको खाका सहितको आवधिक योजनाको प्रभावकारी कार्यान्वयन गरिनेछ।
५. गाउँपालिकाको विकास निर्माण कार्यहरूलाई गरिवी न्यूनीकरण तथा स्वरोजगार सिर्जना गर्नमा लक्षित गरिनेछ ।
६. विकास आयोजना सञ्चालनको लागि सार्वजनिक क्षेत्र, निजी क्षेत्र, गैरसरकारी तथा अन्तराष्ट्रिय गैरसरकारी संघ संस्था तथा समुदायसँग आवश्यक समन्वय तथा साझेदारी गरिनेछ ।
७. सबै बालबालिकाको विद्यालयमा पहुँच सुनिश्चित गर्दै शैक्षिक गुणस्तर सुदृढीकरण गरिनेछ ।
८. आधारभूत स्वास्थ्य सेवमा आम नागरिकको पहुँच सुनिश्चित गरिनेछ ।
९. सबै गाउँपालिका बासीलाई स्वच्छ खानेपानीको पहुँच सुनिश्चित गरिनेछ ।
१०. युवा स्वरोजगार लक्षित कार्यक्रम सञ्चालन गरी सीपमा आधारित रोजगारी/स्वरोजगारी सिर्जना गरिनेछ ।
११. खेलकुदका माध्यमबाट गाउँपालिकाको पहिचान वृद्दि गर्न "राप्ती सोनारीको चिनारीः उत्पादित राष्ट्रिय खेलाडी" अभियान सञ्चालन गरिनेछ ।
१२. जेष्ठ नागरिक, महिला, दलित, गरिव तथा पछाडी परेको वर्ग अपाङ्गता भएका व्यक्तिहरूको लागि जिविकोपार्जन संरक्षणमा विशेष ध्यान दिइनेछ।
१३. विभिन्न सडक, अन्य विकासका पूर्वाधार तथा पर्यटकीय मार्ग निर्माण कार्यलाई निरन्तरता दिइनेछ ।

प्रस्तुत नीति तथा कार्यक्रमले सम्वृद्ध राप्ती सोनारी नारालाई व्यवहारमा उतार्न विकासका प्राथमिकता र बजेट तर्जुमाको आधारलाई प्रस्तुत गरेको छ । यसको कार्यान्वयनका लागि प्राप्त हुने रचनात्मक सुझावलाई मार्गदर्शनको रुपमा लिई सबैको संयुक्त प्रयास, समन्वय, सहकार्य र अपनत्व बोधबाट प्रस्तुत नीति तथा कार्यक्रम राप्ती सोनारीको विकासमा कोशेढुंगा सावित हुनेछ । राप्ती सोनारी गाउँपालिकाको समग्र विकासको आधार तय गर्ने यो नीति तथा कार्यक्रम तयार गर्दा सद्भाव र सल्लाह सुझाव दिनुहुने बिषयगत समिति, विभिन्न राजनीतिक दल, राष्ट्रसेवक कर्मचारी, नीजि क्षेत्र, प्राज्ञिक क्षेत्र, संचारकर्मी, नागरिक समाज, अग्रज व्यक्तित्व, स्थानीय सामाजिक संघ संस्था लगायत आम गाउँवासीप्रति धन्यवाद ज्ञापन गर्दै हार्दिक आभार प्रकट गर्न चाहन्छु ।

धन्यवाद !!!

''समृद्ध राप्ती सोनारीको आधारः शिक्षा, स्वास्थ्य, कृषि, पर्यटन र दीगो पूर्वाधार''